# भीमेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

पत्र संख्या :
चलानी नं. :

बागमती प्रदेश, नेपाल
मितिः


**हिउँदे घाँसको बीउ माग गर्ने सम्बन्धि सूचना !!!**

**सूचना प्रकाशित मिति : २०८३/०५/२४**

यस भीमेश्वर नगरपालिका, पशु सेवा शाखाको आ.व. २०८३/०८४ को वार्षिक स्विकृत कार्यक्रम पशु आहाराको लागत कम गर्न एक वर्षीय तथा बहुवर्षीय घाँसको बिउ, बेर्ना तथा सेट्स/स्लिप वितरण कार्यक्रम अन्तर्गत कृषकहरुलाई हिउँदे घाँसको बिउहरु (बर्षिम र जै घाँसको बिउ) ५०% अनुदानमा वितरण गर्ने प्रयोजनार्थ कृषकहरुबाट बिउहरुको माग संकलन गर्ने कार्यक्रम रहेको हुदा यस नगरपालिका भित्रका सम्पुर्ण वडाबासी कृषकहरु तथा व्यावसायीक पशुपालक कृषकहरुले माथि उल्लेखित हिउँदे घाँसहरु मध्य आफुलाई आवश्यक घाँसको बिउको नाम तथा मात्रा तपसिलमा उल्लेखित कागजातहरु सहित पशु सेवा **शाखामा ७ औं दिन** (मिति २०८३/०५/३१ गते) भित्र बुझाउनु हुन यो सूचना प्रकाशन गरिएको छ। कृषकहरुले माग गरेको घाँसको बिउ वितरणमा तपसिलमा उल्लेखित मापदण्डहरु लागु हुने समेत व्यहोरा अनुरोध छ। निर्धारित समय भित्र पेश नभएको वा रित नपुगेको आवेदन उपर कुनै कारबाही नहुने यसै सूचना मार्फत जानकारी गराईन्छ।

**५०% अनुदानमा बर्सिम तथा जै घाँस वितरणको सुचना प्रकाशन गर्दा आवेदकहरुले पेश गर्नु पर्ने कागजातहरुः**

क. घाँसको नाम, चाहिने मात्रा तथा पशु (गाई/भैसी/भेडा/बाख्रा) को संख्या खुलाईएको निवेदन।

ख. व्यावसायिक पशुपालक कृषकहरुको हकमा व्यवसाय दर्ताको कागजात ।

ग. व्यवसायको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

घ. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

ङ. भीमेश्वर नगरपालिका भित्रको स्थाई बासिन्दा नभएको हकमा निजको व्यवसाय यस नगरपालिकाको ठेगानामा दर्ता तथा नविकरण भएको कागजात।

**५०% अनुदानमा बर्सिम तथा जै घाँस बितरणका लागी कृषकहरुलाई छनौट गर्दा अवलम्बन गरिने मापदण्डहरुः**

क. गाई भैसीको हकमा १ वटा तथा भेडा बाख्राको हकमा ५ वटा मात्र सम्म पालन गर्दै आएका कृषकहरुलाई १ देखी २ के.जी. सम्म बर्सिम र २ देखी ४ के.जी. जै घाँस उपलब्ध गराईने छ भने त्यसभन्दा बढी भएका तर व्यवसाय दर्ता नभएकाहरुलाई ५ के.जी. सम्म बर्षिम र १० के.जी. सम्म जै घाँस उपलब्ध गराईने छ।

ख. व्यवसाय दर्ता भएका र गाई भैसीको हकमा ५ वटा र भेडा बाख्राको हकमा २० वटा सम्म पालन गर्दै आएका कृषकहरुलाई ५ देखी ७ के जी बर्सिम तथा १० देखी १४ के जी सम्म जै घाँस र त्योभन्दा बढी पशु संख्या भएका कृषकहरुलाई ८ देखी १० के जी सम्म बर्सिम तथा १६ देखी २० के जी सम्म जै घाँसको बिउ उपलब्ध गराईने छ ।

ग. कृषकहरुको माग उच्च भई पशु सेवा शाखाका लागी खरिद भएको घाँसको बिउ अपुग हुने अवस्थामा यो मात्रा घटन सक्नेछ भने कति मात्रामा दिने भनि थप निर्णय नगरपालिकाबाट गरिने छ ।

..............................

विष्णु प्रसाद सुवेदी

प्रमुख प्रशासकीय अधिकृत

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत